# बेलबारी नगरपालिका
# BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

## चिसाङ खोलाबाट श्रम जन्य प्रविधि / प्रकृयाबाट मात्र खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धि बोलपत्र आवह्यानको सूचना

दोश्रो पटक प्रकाशित मितिः२०८०/१०/१४

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) र दफा ६२ क बमोजिम बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी / मिक्स गिटी उत्खनन् संकलन तथा विक्री शुल्क अशुली गर्न तपसिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नुपरेकाले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतिय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सुचना जारी गरिएको छ ।

तपसिल

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/NCB-17-2079-080 | चिसाङ खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य | बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको सिमा खोला चिसाङका संयुक्त नाकाबाट खोला खोलाजन्य पदार्थ ढुङ्गा, गिटी / मिक्स गिटी उत्खनन संकलन तथा बिक्री कार्य IEE मा तोकिएका नाकाहरु । (नाकाहरुको विवरण बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको वेवसाईटमा राखिएको छ ।) | मिक्स गिट्टी : २०७६७४५.३६ (वीसलाख छयत्तर हजार सातसय पैतालीस दसमलव तिन छ) | १४५३७२१७.५२/- (अक्षरुपी एक करोड पैतालीस लाख सैत्तीस हजार चौबीस दुईसय सत्र रुपैया बाउन्न पैसा मात्र ) | कबोल गरेको रकम को ५ प्रतिशत | ३,०००/- अक्षेरेपी तीन हजार मात्र | E-Bid मात्र। |

- खोलाजन्य पदार्थ (ढुङ्गा, गिटी / मिक्स गिटी आदि) को दर प्रति घन फिट (भ्याट बाहेक) रु. ७।०० (स्टक प्रमाणित वाहेक) ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

<u>शर्तहरु:</u>

१. बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । फारम दस्तुर जम्मा गरेको राजश्व भौचर र धरौटी बापतको रकम वा बैंक ग्यारेन्टीको scan कपी बोलपत्र फारम साथ सम्लग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ ।देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क.स. | कार्यालय | बैंकको नाम | बोलपत्र फारम दस्तुर लागि राजस्व खाता नं.. | धरौटी खाता नं. | कैफियत |
|---|---|---|---|---|---|
| क | प्रदेश लेखा नियन्त्रक कार्यालय | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | २१२०१००२०२०२०००० | -- | |
| ख | बेलबारी नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा बेलबारी | २४३०१००३०१०१०००२ | २४३०१००३०३००००००२ | |
| ग | कानेपोखरी गाउँपालिका | एनआईसी एसिया बैंक लिमिटेड,शाखा बिराटचौक | १३३CA५००२१४६०००२ | --- | |

नोट : माथि उल्लिखित जुनै सुकै कार्यालयको राजश्व खाता नं. मा बोलपत्र फारम दस्तुर बापतको राजस्व बुझाउन सकिनेछ । कबोल अंकको (भ्याट सहित) ५ प्रतिशत धरौटी बेलबारी नगरपालिकाको क्र.स. (ख) मा तोकिएको धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा बेलबारी नगरपालिकाकको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन साथै प्रि बिड बैठक मिति २०८०।११।२१ गते दिनको ०२:०० बजे यस कार्यलयमा हुनेछ ।

४. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको (भ्याट सहित) ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (ख) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" वर्गको बैकबाट बोलपत्र नं. र नाम उल्लेख गरि यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रतिलिपि र स्वःघोषण पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

५. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सुचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ ।

६. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पुर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको मात्र १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.क.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी / गराई बेलबारी नगरपालिकाको विभाज्य कोष खाता नं. २४३०१००३०६०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

७. किस्तामा बुझाउन चाहाने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर सहित) को कम्तिमा ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०८० चैत्र मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८१ बैशाख मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्वनै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्झौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८१ श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।कबोलकर्ताले यस शर्त बमोजिम तोकिएको अवधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८१ बैशाख १ गते निज कबोलकर्ताले पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असुल उपर गरिनेछ ।

८. ठेक्काको अबधि, सम्झौता अबधि देखि २०८१ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको खण्डमा थप उत्खनन गर्न रोक लगाइने छ ।

९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित बाहेक) संकलन गर्नुपर्नेछ ।

११. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१२. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१३. उत्खनन क्षेत्र, परीमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा श्रमजन्य प्रविधि / प्रकृयाबाट मात्र तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परीमाणमा उत्खनन, संकलन तथा बिक्री गर्नुपर्नेछ (कुनै पनि प्रकारको उत्खनन गर्ने मेसिनको प्रयोग गर्न पाईने छैन)।

१४. खोलाजन्य पदार्थ उत्खनन र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाँध, लोकमार्ग र सडकमार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थानहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ ।

१५. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE

बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

१६. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उल्खखन तथा विक्री सम्वन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा / गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१७. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता आवश्यक प्रकृया पुरा गरी सम्झौता गर्न नआएमा क्रमस दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी आवश्यक कारवाही प्रकृया अगाडी बढाईनेछ साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत सम्झौता गर्न बोलाईएको बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । यो प्रकृया क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१८. सम्झौता भएपछी बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खनन गरी भण्डारण गरेको अवस्थामा २०८१ असाढ मसान्त सम्म मौज्दात शुन्य गर्नुपर्नेछ ।

१९. २०८१ जेष्ठ मसान्त देखि २०८१ असाढ मसान्तसम्म सम्झौता गरेको बोलपत्रदाता वा सो समय भित्र वा पछि अन्य कानुन वमोजिम खोलाजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्याक्ति / फर्म / कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नुपर्ने भएमा (Stock प्रमाणित) प्रतिघनफिट ०.५० पचास पैसाका दरले नगरपालिकालाई प्रमाणित दस्तुर बुझाउनुपर्नेछ । Stock प्रमाणित सम्बन्धि प्रकृयाको सम्बन्धमा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

२०. प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही खोलाजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्रको अभिन्न अंग हुने छ ।

२१. ठेक्का तयारी तथा यससँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२२. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।

२३. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२४. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२५. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२७. यस प्रकृयामा सहभागीहुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२८. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत